का.जि.प्र.का.द.नं. १००/०५९/६०
वर्ष १८, अंक १००
१७ जेठ २०७७, शनिबार
30 May 2020, Saturday
www.madhyanhadaily.com
पृष्ठ ४ मूल्य रु. ५/-

# मध्यान्ह
Madhyanha National Daily
राष्ट्रिय दैनिक

| अपडेट: शुक्रबार साँझसम्म | | संक्रमित | निको भएको | परिक्षण गरिएको | आइसोलेसनमा | मृत्यु |
|---|---|---|---|---|---|---|
| | नेपालमा | १२१२ जना | २०६ जना | ६४१५४ | १००० | ६ जना |

स्रोत : स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

| | संक्रमित | निको भएको | मृत्यु भएको | उपचारत |
|---|---|---|---|---|
| विश्वभर | ५९ लाख ४३ हजार | २६ लाख ८ हजार | ३ लाख ६३ हजार | २९ लाख ७२ हजार |

स्रोत : वर्ल्डोमिटर डटकम

# क्वारेन्टिनमा एक लाख

## मृतक संख्या ६ पुग्यो

■ परीक्षण दर सुस्त ■ भारतबाट आउने क्रम बढ्दो

**कोभिड-१९ को महामारीबाट मृत्यु हुनेको संख्या ६ पुगेको छ। भारतबाट आएकाहरूमा संक्रमण देखिरहँदा क्वारेन्टिनमा रहेका संख्या एक लाख नजिक पुगेको छ। यी सवैमा अहिलेकै दरमा परीक्षण गर्ने हो भने डेढ महिना लाग्न सक्छ।**

**दीवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, १६ जेठ।

कोभिड-१९ को महामारीबाट मृत्यु हुनेको संख्या ६ पुगेको छ। भारतबाट फर्किँदै गर्दा अर्घाखाचीका एक युवकमा संक्रमण पुष्टि भएको थियो। गएको जेठ १० गते भारतबाट फर्कने क्रममा अर्घाखाचीको भूमिकास्थान नगरपालिका-९ का ती युवकलाई संक्रमण पुष्टि भएको थियो।

भैरहवाको प्रयोगशालामा स्वाब परीक्षण गर्दा बिहीबार उनमा कोभिड पोजिटिभ देखिएको थियो। बिहीबार कोरोनाको पुष्टि भएको जानकारी दिएको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले शुक्रबार मृत्यु भएको जानकारी दिएको छ।

भारतबाट फर्कदै गर्दा कोरोना संक्रमणबाट मृत्यु भएका ती युवकको शवलाई उनका आफन्तले सन्धिखर्कमा गाडेका छन्। यसअगाडि रौतहट, गुल्मी, बाँके र सिन्धुपाल्चोकमा संक्रमितको मृत्यु भएको थियो। यो संगै नेपालमा मृतक संख्या ६ पुगेको छ।

गएको माघ ९ गतेबाट देखिन थालेको संक्रमणबाट नेपालमा शुक्रबार साँझसम्म १२१२ व्यक्तिमा संक्रमण देखिसकेको छ। यस मध्ये २०६ मात्रै निको भएर घर फर्किएका छन् भने बाँकीको उपचार भइरहेको छ। वैशाखको अन्त्यसम्म सय भन्दा कम संख्यामा रहेको संक्रमित जेठको शुरुवातसँगै बढेको थियो। सरकारले परीक्षण नै ढिलो गरेकाले संक्रमण झनै बढेर गएको विश्लेषण समेत भइरहेको छ। तर, सरकारले भने आफ्नो पूरा बल लगाएर परीक्षण र उपचार गरिरहेको बताएको छ।

सरकारी तथ्यअनुसार, अहिलेसम्म ६४ हजार १५४ जनामा पीसीआर परीक्षण गरिएको छ भने एक लाख पाँख हजार ४७८ जनाको आरटिडी परीक्षण गरिएको छ।



**स्याङ्जाबाट दुई दिन पैदल हिँडेर दैलेख जान बागलुङ आइपुगेका मजदुर। उनीहरू बागलुङ बजारको ट्राफिक चोकमा अलपत्र परेपछि यहाँका होटल व्यवसायी सञ्जय श्रेष्ठले उद्धार गरी रूकुमको सिमानासम्म पुऱ्याउने भएका छन्।**
*-तस्बिरः तारानाथ आचार्य*

परीक्षण गरिएको मध्ये ६२ हजार ९४२ जनामा संक्रमण देखिएको छैन।

देशभर अहिले पनि झण्डै एक लाख जना क्वारेन्टिनमा छन्। विशेषगरी भारतबाट आएकाहरुलाई क्वारेन्टिनमा राखिएको छ। उनीहरुलाई परीक्षण गराएर मात्रै छोड्ने गरिएको छ। तर, दैनिक दुई हजारको संख्यामा पनि परीक्षण हुन नसकिरहेकाले यी सवैलाई परीक्षण गर्न झण्डै दुई महिना लाग्ने निश्चित छ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले अहिले ९९ हजार ३३६ जना क्वारेन्टिनमा रहेको जनाएको छ। आइसोलेसनमा मात्रै एक हजार व्यक्ति बसेका छन्।

क्वारेन्टिनकै अभाव

कोरोना भाइरस रोकथाम तथा नियन्त्रणका होटल, लज र रिसोर्टलाई क्वारेन्टिनका रूपमा विकास गर्न सकिने सुझाव दिइएको छ। शहरी विकास मन्त्रालय र स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले तयार परेको प्रतिवेदनमा हाल सञ्चलनमा रहेको क्वारेन्टिनको सङ्ख्या धेरै अपुग र अव्यस्थित रहेकाले होटल, लज र रिसोर्टलाई क्वारेन्टिनका रूपमा विकास गर्न सरकारलाई सुझाव दिएको हो।

प्रतिवेदनमा भनिएको छ हाल सञ्चालनमा रहेको धेरै क्वारेन्टिन विश्व स्वास्थ्य सङ्गठनको मान्यताविपरीत रहेको र तीनको अवस्थामा सुधार गरी अब निर्माण गरिनेलाई मापदण्डअनुरुप बाँकी पृष्ठ २ मा

# संशोधनमा अड्चन

**लिम्पियाधुरा सहित समेटेर संसद सचिवालयमा दर्ता गरिएको संविधान संशोधन विधेयक विपक्षी दलको अनुरोधमा अगाडि बढ्न सकेको छैन। यस्तै बेला जनता समाजवादी पार्टी (जसपा) ले आफ्नो माग समेत सम्बोधन हुनुपर्ने माग सहित संविधान संशोधन दर्ताको तयारी थालेको छ।**

**मध्यान्ह संवाददाता**
काठमाडौं, १६ जेठ।

संघीय संसद सचिवालयमा जनता समाजवादी पार्टीले संविधान संशोधन प्रस्ताव दर्ताको प्रक्रिया अगाडि बढाएको छ। जसपाले नागरिकता सम्बन्धी ऐन, समावेशी समानुपातिक, जनसंख्याको आधारमा निर्वाचन क्षेत्र निर्धारण लगायतको माग राखेर संविधान संशोधनको माग राख्दै आएको छ।

जसपाले संविधान संशोधनका लागि नेताहरु महन्थ ठाकुर, महिन्द्रराय यादव, लक्ष्मणलाल कर्ण लगायत नेताहरुलाई जिम्मेवारी दिएका छन्। जसपाले निशाना छाप परिवर्तनसँग सम्बन्धित विधेयक सँगै आफूहरुले राखेको माग पनि सम्बोधन हुनुपर्ने माग राखेका छन्। नेता, केशव झाका अनुसार दुवै विधेयक एकै पटक अगाडि बढाउन संविधान संशोधन प्रस्ताव तयार गरिएको हो।

तर, प्रधानमन्त्री केपी शर्मा ओलीले मधेश केन्द्रीत दलहरुले उठाएको संशोधनको माग भने औचित्यको आधारमा मात्रै अगाडि बढाउन सकिने बताउँदै आएका छन्। संघीय संसदलाई जवाफ दिँदै प्रधानमन्त्री ओलीले अहिले भूगोल जोगाउन संविधान संशोधन प्रस्ताव अगाडि बढाइएको बताएका थिए।

उनको भनाइ थियो, "संविधान अपरिवतनीय दस्तावेज होइन। तर, संशोधन औचित्यको आधारमा मात्रै हुन्छ।" प्रधानमन्त्री ओलीले प्रतिनिधिसभा र राष्ट्रियसभामा एउटै आसयका सम्बोधन गरेका थिए।



**नेपाली काँग्रेस पार्टीको शुक्रबार नयाँ बानेश्वरस्थित संघीय संसदको ल्होत्से हलमा बसेको संसदीय दलको बैठक।**
*-तस्वीर : रोशन सापकोटा*

भारतले नेपालको लिपुलेक अतिक्रमण गरी चीनको मानसरोवर जोड्ने सडक उद्घाटन गरेपछि नेपालले जेठ ६ गते नेपालको नयाँ राजनीतिक तथा प्रशासनिक नक्सा जारी गरेको छ। मन्त्रिपरिषदबाट पारित नयाँ नक्सा भूमि व्यवस्था मन्त्री पद्मा अर्यालले सार्वजनिक गरेकी थिइन्। यसपछि कानून, न्याय तथा संसदीय मामिला मन्त्री शिवमाया तुम्बाहाङ्फेले गएको जेठ १० गते संसद सचिवालयमा दर्ता गराएकी छन्। नयाँ नक्सा समेट्न संविधानको अनुसूची-३ मा व्यवस्था गरिएको निशाना छाप संशोधन गर्न कानून मन्त्रीले दर्ता गराएको विधेयक जेठ १३ गते नै संसदमा पेश गर्ने कार्यसूची थियो। तर, त्यस दिन संसदमा पेश हुन सकेन।

जेठ १४ गते भने कार्यसूचीमै राखिएको थियो। तर, जेठ १३ गते प्रधानमन्त्री केपी बाँकी पृष्ठ २ मा

# ६० अर्बको राहत प्याकेज

**कोरोनाको असर परेकाहरूलाई राहत प्याकेज एउटै मात्र नभएर नगद, प्रोत्साहन, छुट, कर मिनाहा, समयावधि बढाउने, कर तिर्ने अवधि बढाउने जस्ता कार्यक्रम ल्याइएको सरकारले दावी गरेको छ।**

**मध्यान्ह संवददाता**
काठमाडौं, १६ जेठ।

सरकारले बिहीबार आर्थिक वर्ष २०७७/०७८ का बजेट घोषणा गरेको छ। आकार घटाएर आएको बजेटको ठूलो हिस्सा सञ्चालन खर्च तर्फ विनियोजन गरिएको छ। यो बजेटबाट कोरोना महामारीको असर न्यूनीकरणका लागि ६० अर्ब विनियोजन भएको सरकारका प्रवक्ता एवम् अर्थमन्त्री युवराज खतिवडाले बताएका छन्।

पत्रकार सम्मेलन गरी अर्थमन्त्री खतिवडाले आगामी आर्थिक वर्षको बजेटमा कर, विद्युत् महसुल छुट लगायतको समग्र पक्षमा मूल्यांकन गर्दा उल्लेख्य मात्रामा राहत उपलब्ध गराइएको जानकारी दिए। उनले राहत प्याकेज एउटै मात्र नहुने र त्यसमा नगद मात्रै नभएको भन्दै विभिन्न कार्यक्रममा दिइएको नगद, प्रोत्साहन, छुट, कर मिनाहा, समयावधि बढाउने, कर तिर्ने अवधि बढाउने जस्ता कार्यक्रम पनि राहत नै भएको बताए।

प्रधानमन्त्री रोजगार कार्यक्रममा सहभागी नहुनेलाई प्राप्त हुने ज्यालाको एक चौथाइका आधारमा राहत दिँदा झण्डै रु तीन अर्ब बराबरको रकम उपलब्ध हुने बताए। १० यूनिटसम्म विद्युत् प्रयोग गर्नेलाई छुट, सिँचाइ खानेपानीमा ५० प्रतिशत महसुल छुट तथा उद्योगलाई लाग्दै आएको डिमाण्ड शुल्क हटाउँदा मात्रै रु आठ अर्ब बराबरको राहत उपलब्ध हुने भएको छ। वायु सेवा प्रदायकले बजेटले झण्डै रु सवा अर्ब बराबरको छुट पाउने भएका छन्।

सामाजिक सुरक्षा कोषमा आबद्ध भएकालाई रोजगादरातासहितको



रकम सरकारले उपलब्ध गराउँदा रु सवा अर्ब बराबरको राहत उपलब्ध हुने देखिएको छ। यस्तै सहुलियतपूर्ण कर्जामार्फत ब्याजमा दिइएको छुटका आधारमा मात्रै रु १४ अर्ब बराबरको राहत उपलब्ध हुने मन्त्री डा खतिवडाको भनाइ छ।

नेपाल राष्ट्र बैंकले स्थापना गरेको रु एक खर्ब बराबरको पुनरकर्जा कोषबाट रकम लिँदा व्याजलगायतमा झण्डै रु २० अर्ब बराबरको सहजता प्राप्त गर्न सकिन्छ। सहुलितपूर्ण बाँकी पृष्ठ २ मा

# तेस्रो मुलुकबाट २५ हजार नेपाली ल्याउने तयारी

**मध्यान्ह संवाददाता**
काठमाडौं, १६ जेठ

कोरोना भाइरसका कारण रोजगारी गुमाई वा अन्य विभिन्न कारणले भारतबाहेक अन्य देशमा अलपत्र परेकामध्ये कम्तीमा २५ हजार नेपालीलाई नेपाल ल्याइने सहमति भएको छ। कोरोना भाइरस रोकथाम तथा नियन्त्रण उच्चस्तरीय समन्वय समितिको शुक्रबारको बैठकले विदेशमा समस्यामा रहेकाहरुको प्राथमिकताको आधारमा एक हप्तादेखि १० दिनभित्र उनीहरुलाई नेपाल ल्याउने निर्णय गरेको छ।

समितिले नेपाल फर्काउनुपर्ने बाध्यतामा रहेका नेपालीहरुको विवरण संकलन गरी पेश गर्न परराष्ट्र मन्त्रालयलाई निर्देशनसमेत दिएको छ। मन्त्रिपरिषद्ले यसअघि पारित गरेको विदेशमा रहेका नेपालीलाई ल्याउने कार्यविधि अनुसार कार्ययोजना बनाएको समितिले जनाएको छ।

श्रोतका अनुसार सरकारले यकिन गरेको २५ हजारको संख्यामा यूएई, कतार र मालदिभ्समा रहेका कामदारसहित बंगलादेशमा रहेका विद्यार्थी समेत रहेका छन्। यूएईमा रहेका गर्भवती महिला र कुवेतमा गत अप्रिल अन्तिमहप्ता आममाफी पाएर देश फर्किन सरकारी सेल्टरमा रहेका करिब ३ हजार नेपाली पहिलो प्राथमिकतामा रहेको बताइएको छ।

अलपत्र रहेका नेपालीमध्ये केहीलाई ल्याउन नेपालबाट विमान पठाइने र केहीलाई सम्वन्धित देशसँग आग्रह गरी विमान चार्टर गरेर ल्याइने बताइएको छ। नेपाल आएपछि उनीहरुमध्ये आर्थिक हैसियतमा सक्षमलाई उनीहरुकै खर्चमा काठमाडौंका होटलमा राखी स्वास्थ्य परीक्षण गरी स्थानीय तहका क्वारेन्टाइनमा बस्ने गरी पठाउने कार्ययोजना बनेको छ।

होटलको क्वारेन्टाइनमा बस्नेको व्यवस्थापन पर्यटन मन्त्रालयले गर्ने छ। फर्किनेहरूको वर्गीकरण गरेर रोजगारी गुमाई खर्च नभएकाहरूलाई सरकारले क्वारेन्टाइनमा बस्दाको खर्च व्यवस्था गर्ने बताइएको छ। स्वदेश फर्काउँदा पनि कम्पनीले जहाज टिकट दिएर पठाउने, कामदार आफ्नै खर्चमा आउने र नेपाल सरकारले टिकट व्यहोर्नुपर्ने फरक-फरक समूह बनाइने भएको छ।

विदेशमा हजारौं नेपाली संक्रमित रहेका छन्। २३ जना नेपालीको कोरोना भाइरसका कारण मृत्यु भइसकेको छ। परराष्ट्र मन्त्री प्रदीप ज्ञवालीले करिब ६ लाख नेपालीको उद्धार गर्नुपर्ने र करिब ३ लाख आधालाई बाँकी पृष्ठ २ मा

## वैदेशिक रोजगार विशेष

### विदेशमै अन्तिम संस्कार गर्न ७५ परिवारको सहमति

**काठमाडौं/मस-** वैदशिक रोजगारीका क्रममा मृत्यु भई विदेशमा शव रहेका १ सय ७२ जनामध्ये ७५ जनाका आश्रित परिवारले सम्बन्धित मुलुकमा आफन्तको अन्तिम संस्कार गर्न सहमति दिएका छन्। वैदेशिक रोजगार बोर्डको सचिवालयका अनुसार शुक्रबारसम्म मलेसियामा ४८, साउदी अरेवियामा ४७, कतारमा २७, यूएईमा १२, कुवेतमा ११, बहराइनमा ३, ओमानमा १ र अन्य देशमा ३ गरी विदेशमा १ सय ७२ नेपालीको शव रहेको छ।

त्यसमध्ये कोरोना भाइरस संक्रमणका कारण मृत्यु हुने नेपालीको संख्या २३ रहेको छ। कोरोनाबाट मृत्यु भएकामध्ये साउदीमा ९ जना, कतारमा ४ जना, यूएईमा ९ जना रहेका छन् भने अन्य समूहमा रहेका ३ मध्ये कोरोनाबाट एक जनाको मृत्यु भएको बोर्डले जनाएको छ।

बोर्डले मलेसियामा रहेका शवमध्ये ४ जनाको परिवारले, साउदी अरबमा रहेका शवमध्ये ११ जनाको परिवारले, कतारमा १० जनाको परिवारले, यूएईमा ३६ जनाको परिवारले, बहराइनमा २ जनाको परिवारले, दक्षिण कोरियामा ४ जनाको परिवारले र देश नखुलेको ८ जनाको परिवारले सम्बन्धित देशमा नै अन्तिम संस्कार बाँकी पृष्ठ २ मा

### बहराइनमा एक नेपालीद्वारा आत्महत्या

**काठमाडौं/मस-** बहराइनमा कोरोना संक्रमित एक नेपाली कामदारले उपचारका क्रममा आत्महत्या गरेका छन्। ताप्लेजुङका ३८ वर्षीय एक पुरुषले उपचार भइरहेका बेला बिहीबार क्वारेन्टाइनमा आत्महत्या गरेको त्यहाँस्थित नेपाली दूतावासले बताएको छ।

उनी स्थानीय एक्सिलेन्सी इन्डस्ट्रियल एण्ड मेन्टिनेन्स कम्पनीमा कार्यरत थिए। बहराइनका लागि नेपाली राजदूत पदम सुन्दासले क्वारेन्टाइनभित्रको बाथरुममा झुण्डिएर नेपाली कामदारले ज्यान गुमाएको बताए।

बहराइनमा शुक्रबार साँझसम्म १० हजार ५२ जनामा कोरोना संक्रमण पुष्टि भएको छ। त्यसमध्ये १५ जनाको मृत्यु भएको छ। कोरोना संक्रमित अन्य दुई जनाले छतबाट बाँकी पृष्ठ २ मा

सारा नेपाली मिलेर अन्याय, अत्याचारको विरूद्धमा लड्नुपर्छ र यस्तो अन्याय, अत्याचारबाट मुक्त हुनुपर्छ भन्नेआजको मागलाई हामी सबैले बुझ्नु पर्दछ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

### रुकुम हत्या प्रकरण

# छानविन समितिद्वारा अध्ययन शुरु

**मध्यान्ह संवाददाता**
काठमाडौं, १६ जेठ



रुकुम हत्याकाण्डको छानविन गर्न सरकारले गठन गरेको समितिले शुक्रबारबाट स्थलगत अध्ययन शुरु गरेको छ । गृहमन्त्रालयको सहसचिव नेतृत्वको टोली शुक्रबार जाजरकोट पुगेर सोधपुछ शुरु गरेको हो ।

सो क्रममा समितिले तीन जना मृतकका परिवारसँग जानकारी लिएको छ । जाजरकोटको भेरी नगरपालिका ४ का नवराज विक, गणेश बुढा र सन्दीप विकको परिवारलाई भेटेर घटनाका बारेमा समितिले जानकारी लिएको छ । समितिले बाँचेर फर्किएका १२ जनासँग पनि सोधपुछ गरेको छ ।

मंगलबार थृह मन्त्रालयले पाँच सदस्यीय छानविन समिति गठन गरेको थियो। घटनाको अनुसन्धानका लागि रुकुम पश्चिममा पनि प्रहरीको विशेष टोली पुगेको छ । संघीय प्रहरी इकाई कार्यालय कर्णालीबाट एसएसपी पोषराज पोखरेलको नेतृत्वमा ८ जनाको टोली घटनास्थल पुगेको हो ।

जाजरकोटको भेरी नगरपालिकाबाट नवराज विकसहितको टोली भागी विवाहका लागि गत शनिबार रुकुम पश्चिमस्थित चौरजहारी ८ सोती पुगेको बेला उनीहरुमाथि स्थानीयले आक्रमण गरेका थिए। उनीहरुको कुटपिट र नदिले बगाएर ५ जनाको ज्यान गएको छ। भेरी नगरपालिका ११ का गोविन्द शाही अझै बेपत्ता छन् । पीडित परिवारले चौरजहारी ८ का वडाध्यक्षसहित बीस जनाविरुद्ध किटानी जाहेरी दिएका छन् । घटनाको अनुसन्धानका लागि प्रहरीले १८ जनालाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

त्यस्तै रुकुम घटनाको निष्पक्ष छानविन गरी दोषिलाई कारवाही गर्न माग गर्दै राष्ट्रिय दलित पत्रकार संघ नेपालले विरोध प्रदर्शन गरेको छ । रकुममा भएको अमानविय घटना लगायत देशभरी दलित समूदायमाथि घटनाको निष्पक्ष छानविन गर्न माग गर्दै प्रदर्शन गरिएको हो ।

संघले काठमाडौंमा माइतीघर मण्डलासहित देशभरी विरोध प्रदर्शन कार्यक्रम गरिएको जनाएको छ । संघका उपाध्यक्ष गोपाल बराइलीले रुकुममा भएको घटनाविरुद्ध देशव्यापी आन्दोलन थालिएको बताए । यति ठूलो घटना हुँदा पनि राज्य अध्याँरोमा मौन बसेकाले क्यान्डिल बालेर विरोध प्रदर्शन गरिएको उनले बताए । जघन्य अपराधमा मुछिएका व्यक्तिलाई कारवाही गरी कम्तिमा पनि देशको नागरिक भएर बाँच्न पाउनुपर्छ भनेर ऐक्यवद्धता जनाउन देशभरी विरोधका कार्यक्रम गरिएको उनले बताए ।

रुकमको चौरजहारीमा भएको घटनामा अहिलेसम्म ५ जनाको शव भेटिएको छ । घटनाको प्रतिकारात्मक रुपमा प्रदर्शनमा सहभागीमध्ये ५ जनाले सेतो कपडा बेरेका छन् । पीडित परिवारले न्याय पाउनुपर्ने, मृतकहरुलाई शहिद घोषणा गर्नुपर्ने माग उनीहरुले गरेका छन् ।

# फरार वडाध्यक्ष ६० हजार धरौटीमा रिहा

**गौरीशंकर जयसवाल/मध्यान्ह**
नवलपरासी, १६ जेठ



पश्चिम नवलपरासीको एक गाउँपालिकाको किर्ते मुद्दामा फरार वडाअध्यक्ष जिल्ला अदालतमा हाजिर भएका छन् । पाल्हीनन्दन गाउँपालिकाको वडा नं. ५का किर्ते मुद्धामा फरार वडाअध्यक्ष ओमप्रकाश गुप्ता जिल्ला अदालतमा आफै आएर हाजिर भएका हुन् ।


किर्ते मुद्दामा फरार रहेका वडाअध्यक्ष गुप्ता हाजिर भएपछि अदालतले धरौटीमा रिहा गरेको जिल्ला अदालत नवलपरासीले जनाएको छ । वडाअध्यक्ष गुप्ता ६० हजार धरौटी राखि तारेखमा रिहा भएको जिल्ला अदालत परासीका निमित्त श्रेस्तेदार तिर्थराज शर्माले जानकारी दिए। वडाअध्यक्ष गुप्ता फरार रहेको समाचार मध्यान्हलगायत विभिन्न सञ्चारमाध्यम आएपछि वडाअध्यक्ष गुप्ता जिल्ला अदालत पुगी हाजिर भएका थिए ।

गुप्ता अदाततमा हाज़रि भएपछि उनीबिरुद्धको कीर्ते मुद्दामा बहस पैरवी हुँदा जिल्ला अदालत परासीका जिल्ला न्यायधिस हेम बहादुर सेनको एकल इजलासले वडाअध्यक्ष गुप्तासँग ६० हजार धरौटी माग गरेको थियो । उक्त धरौटी राखी गुप्ता तारिखमा रिहा भएका हुन् । पाल्हीनन्दन गाउँ पालिका वडा नम्बर ५ का वडा अध्यक्ष ओम प्रकास तेली, गोविन्द कोहार वडासचिव, पाल्हीनन्दन गाउँपलिकाका तत्कालिक सचिब नन्दलाल कोहार , कार्यालय सहयोगी अमरलाल कोहार र ओम प्राकस तेली गुप्ता सुवेदार शेषको विबाह दर्ता प्रमाण पत्रको मिति सच्याएको अभियोगमा किते गरेको मुद्दामा संलग्न रहेको खुलेको थियो ।

रामग्राम नगरपालिका ५ वस्ने सुवेदार शेषको जाहेरीले लिखत सम्वन्धि कसुर मुद्धामा वडा अध्यक्ष गुप्ता, कार्यालय सहयोगी अमरलाल कोहार र ओम प्रकस तेली गुप्ता फरार रहेका थिए। सोही मुद्दामा वडा सचिव गोविन्द कोहार पूर्पक्षका लागी कारागार कार्यालय पश्चिम नवलपरासीमा थुनामा छन् भने पाल्हीनन्दन गाउँपलिकाका तत्कालिन सचिब नन्दलाल कोहार ६० हजार धरौटीमा तारेखमा छुटी सकेको निमित्त श्रेस्तेदार शर्माले बताए। २०६५ साल साउन १५ गते जारी विवाह दर्तालाई निजहरुको मिलोमतोले २०६० साल चैत १५ गते बनाएका थिए ।

प्रतिवादी सुबेदार शेष र रुक्साना शेष श्रीमान-श्रीमती हुन् । अंश विवाद भएपछि श्रीमती शेषले विबाह दर्ता प्रमाण पत्र सच्याएको भनि जिल्ला अदालत नवलपरासीमा सुबेदार शेषले मुद्दा दायर थिए । किर्ते मुद्दामा संलग्न भएको ठहर भएमा ७ वर्ष कैद र ७० हजार जरीवानाको कानुनी ब्यवस्था रहेको निमित्त श्रेस्तेदार शर्माले बताए ।

# 'बजेटले शैक्षिक समस्या सम्बोधन गरेन'




**काठमाडौं/मस-** सरकारले ल्याएको आर्थिक बर्ष २०७७/०७८ को बजेटले कोभिड १९ को महामारीबाट उत्पन्न शैक्षिक समस्या सम्बोधन गर्न र विद्यमान शैक्षिक समस्या सम्बोधन गर्न नसकेको विज्ञहरुले बताएका छन् ।

शिक्षा पत्रकार समूहले बिहीबार आयोजना गरेको भर्चुअल शिक्षा संवाद 'बजेटमा शिक्षा : अपेक्षा, आवश्यकता र सम्बोधन'का सहभागी विज्ञहरुले शिक्षा मन्त्रालयले बदलिँदो चुनौती सामना गर्नेगरी कार्यक्रम ल्याउन नसकेको टिप्पणी गरेका छन् ।

प्रतिनिधिसभा शिक्षा तथा स्वास्थ्य समितिका सदस्य सांसद गगन थापाले कोभिड १९ को चुनौतीसँगै शिक्षा र स्वास्थ्य क्षेत्रले पाएको अवसर सरकारले गुमाएको बताए । 'म अर्थमन्त्रालयलाई दोष दिन चाहन्न । शिक्षा मन्त्रालयले नयाँ प्रस्ताव र कार्यक्रम अघि सार्न नसकेको देखियो,' उनले भने, 'शिक्षामा महत्वपूर्ण सुधार ल्याउने अवसर छोप्न नेतृत्व चुक्यो ।'

शिक्षामा अहिलेको सबैभन्दा ठूलो संकट सिकाईमा रहेको उल्लेख गर्दै सांसद थापाले कोभिड १९ ले कक्षा संचालन हुन नसक्ने स्थितीमा सरकारले शिक्षामा सूचना प्रविधि (आईटी) संरचनामा ठूलो फड्को मार्नसक्ने अवसर गुमाएको उनको भनाइ थियो । दिवा खाजा, छात्रवृत्तिका कार्यक्रम सकारात्मक भए पनि बजेटले माध्यामिक शिक्षा निःशुल्क गर्ने उपाय दिन नसकेको उल्लेख गर्दै सांसद थापाले भने, 'शतप्रतिशत भर्ना, साक्षर नेपाल घोषणा र सार्वजनिक शिक्षामा सुधार भनेर मात्र हुँदैन । प्रष्ट कार्यक्रम ल्याउनुपर्छ, जुन बजेटमा छैन ।' थुप्रै निजी विद्यालय टहरामा हरिबिजोग ढंगले चलिरहेकाले तिनले सामुदायिक विद्यालयलाई सहयोग गर्न सम्भव नभएको उनले बताए ।

शिक्षाविद् प्रा.डा. विनय कुसियतले बजेटमा आफूले सामुदायिक विद्यालय सुधारको कुनै योजना नदेखेको बताए । शिक्षालाई प्रविधिमैत्री बनाउन विशेष सम्बोधन गर्नुपर्नेमा नगरिएको टिप्पणी गर्दै उनले भने, 'नयाँ सन्दर्भमा आएको बजेट पुरानै अवस्था र परम्परागत ढंगले आयो । यसले अहिलेका आवश्यकता र माग सम्बोधन गर्न सक्दैन ।'

कक्षा ५ सम्मको दिवा खाजा कार्यक्रमको बिस्तार सकारात्मक भए पनि त्यसलाई कक्षा आठसम्मका बालबालिकालाई सो सुविधा दिनुपर्ने उनको भनाइ छ । ४३ जिल्लामा संचालित दिवा खाजा कार्यक्रम देशभरी बिस्तार गर्न ७ अर्ब ५२ करोड बजेट बिनियोजन गरिएको छ।

अर्का शिक्षाविद् प्रा.डा सुशन आचार्यले सामुदायिक विद्यालय संचालन र व्यवस्थापनमा जवाफदेहिताको खाँचो देखिएको उल्लेख गर्दै प्रष्ट खाका नआएको बताए । 'अनुगमन र मूल्यांकनको पाटो नसुधारे सम्म शिक्षामा सुशासन सम्भव छैन,' उनले भने, 'भर्ना बालबालिका विद्यालय छाड्ने कारण पहिल्याएर रोक्ने कार्यक्रम ल्याउनुपर्छ ।'

वरिष्ठ पत्रकार राजेन्द्र दाहालले ६ हजार स्वयम्सेवक शिक्षक भर्ना गरेर फेरी पनि कामचलाउ ढंगले विद्यालय चलाउने योजना बनाइएको बताए । 'बजेटले सार्वजनिक शिक्षामा सिकाई सुधारका कार्यक्रम आउन सकेन । उच्च शिक्षालाई त हेर्दैहेरिएन,' उनले भने, 'सिकाई स्तर निरन्तर तल गईरहेको छ । यस्तो बेला शिक्षक व्यवस्थापनलाई ध्यान दिनुपर्थ्यो, दिइएन ।'

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका सहसचिव कृष्ण काप्रीले समग्र बजेटको आकार घटेको बेला शिक्षामा बजेट बृद्धि हुनुलाई उपलब्धीका रुपमा लिनुपर्ने बताए । शिक्षाको बजेट २० प्रतिशत पुर्‍याउने प्रतिबद्धता भने यो बर्ष पनि पूरा भएन। शिक्षामा चालु आर्थिक बर्षको बजेटको चुलनामा ८ अर्ब बृद्धि गरी ११ दशमलव ६४ प्रतिशत अर्थात, १ खर्ब ६३ अर्ब ७६ करोड बजेट बिनियोजन गरिएको छ । श्रम तथा रोजगारीका व्यवसायिक तालिम र अनुसन्धानको बजेटलाई पनि शिक्षासँगै जोडेर हेर्नुपर्ने उल्लेख गर्दै उनले भने, 'कोभिड १९ ले ल्याएका चुनौति सामना गर्ने पर्यत्न भएका छन्। बालबालिकाको शिक्षामा पहुँच पुर्‍याउन र विद्यालयमा टिकाउनमै कार्यक्रम केन्द्रित छ ।'

उक्त भर्चुअल शिक्षा संवादमा शिक्षा क्षेत्रका विज्ञ, सरोकारवाला र पत्रकार गरी ५५ भन्दा धेरैको सहभागिता थियो ।

# दुई कार्यकर्ताको निधनमा नेकपा परासीद्वारा श्रद्धाञ्जली सभा




**परासी/मस-** नेपाल कम्यूनिष्ट पाटी (नेकपा) केन्द्रीय सदस्य तथा प्रदेश ५ का भौतिक पुर्वाधार बिकास मन्त्री बैजनाथ चौधरीले नेकपा जिल्ला कमिटी पश्चिम नवलपरासीका सचिवालय सदस्य स्व. सिताराम चौधरी पार्टीका इमानदार र बफादार कार्यकर्ता रहेको बताएका छन् ।

मन्त्री चौधरीले चौधरी सामाजिक कार्यकता तथा एक थारु अगुवासमेत रहेको बताए । स्व. चौधरीको नवौ दिनको पुण्यतिथिका अवसरमा नेकपा जिल्ला कमिटीले शुक्रबार स्व. चौधरी कै घरमा आयोजना गरेको श्रद्धाञ्जली सभामा उनले सो कुरा बताएका हुन् । मन्त्री बैजनाथ चौधरीको प्रमुख आतित्थ्यतामा भएको श्रद्धाञ्जली सभा जिल्ला अध्यक्ष भविश्वर तिवारीको अध्यक्षतामा सम्पन्न भएको थियो । श्रद्धाञ्जली सभामा पार्टीका नेता कार्यकता तथा शुभचिन्तकहरुको सहभागिता रहेको थियो ।

शुक्रबार नै नेकपा रामग्राम नगर कमिटीको आयोजनामा पार्टीका सदस्य रामग्राम ५ निवासी स्व. रामजतन हरिजनको घरमा श्रदाञ्जली सभाको आयोजना गरेको छ । नेकपा केन्द्रीय सदस्य तथा प्रदेश ५ का भौतिक पुर्वाधार बिकास मन्त्री बैजनाथ चौधरीलेको प्रमुख आतित्थ्यता नगर इन्चाज बुद्धन अलीको अध्यक्षतामा श्रद्धाञ्जली सभा सम्पन्न भएको थियो ।

नेकपा नवलपरासीका सचिवालय सदस्य सिताराम चौधरीको ललितपुर स्थित अल्फा अस्पतालमा निधन भएको थियो भने पार्टीका सदस्य रामजतन हरिजनको चितवनमा उपचारको क्रममा जेठ १२ गते निधन भएको थियो ।

# प्रहरीको कुटाइबाट क्वारेन्टाइनमा बसेका युवकको हात भाँच्चियो

**रविन विश्वकर्मा/मध्यान्ह**
प्यूठान, १६ जेठ



प्यूठानमा प्रहरीको कुटाईबाट दुई युवक घाइते भएका छन्। क्वारेन्टाइनमा खाना खुवाउने विषयमा सामान्य विवाद हुँदा प्रहरीको निर्घात कुटाइबाट दुई युवक घाइते भएका हुन् । प्रहरीको कुटाइबाट मल्लरानी गाउँपालिका वडा नं ३ स्थित जनकल्याण प्रा.वि.मा रहेको क्वारेन्टाइनमा बसेका मुनडाँडाका स्थानीय ३० वर्षीय झविलाल खत्रीको दायाँ हात भाँचिएको छ। उनको जिल्ला अस्पताल बिजुवार प्यूठानमा उपचार भइरहेको छ भने सोही ठाउँ निवासी २० वर्षीय फन बहादुर खत्री गम्भीर घाइते भएका छन् ।

मल्लरानी गाउँपालिका वडा नं ३ मुनडाँडा क्वारेन्टाइनमा खाना खुवाउने बिषयमा सामान्य विवाद भएपछि वडा अध्यक्ष र गाउँकार्यपालिका सदस्यको अगाडि स्थानीय दुई युवकलाई प्रहरीले निर्घात कुटपिट गरि हात भाँचिदिएको पीडितले बताएका छन् ।जनकल्याण प्रा.वि चौथी लगाउने क्वारेन्टाइनमा रहेका ब्यक्तिलाई खाना नपुगेपछि क्वारेन्टाइनमा बसेकाहरुले खाना पुनः पकाउने भन्ने विषयमा मल्लरानी गाउँपालिकाका कार्यपालिका सदस्य चन्द्र बहादुर सार्कीसँग सामान्य विवाद भएको थियो ।

सामान्य विवादको विषयलाई लिएर प्रहरी बोलाएर तिन जनाको मिलेमतोमा प्रहरीले आफुहरुको कुरा नसुनी निर्घात कुटपिट गरेको घाइते खत्रीले बताए । गत बुधवार बेलुका कुटपिट गरेपनि हात अत्यन्तै दुखेपछि शुक्रबार मात्र उनी जिल्ला अस्पताल पुगेका थिए । जिल्ला अस्पताल बिजुवारमा उनको भाँचिएको दाँया हातको एक्सरे गरि अस्थायी प्लाष्टर गरिएको छ। उनको हात सुन्निएकोले एकहप्ता पछि राम्रोसंग प्लाष्टर गर्नुपर्ने डाक्टरले सुझाव दिएका छन्। घटनाको बिषयमा वडा अध्यक्ष गिरीराज पौडेलले मदिरा सेवन गरि विवाद गरेकोले प्रहरीलाई आफुहरुले बोलाएको भन्दै क्वारेन्टाइन स्थलमा कुनै कुटपिट नभएको बताए ।

'क्वारेन्टाइनस्थल अलि पर विवादजस्तो भएको थियो !, पौडेलले भने, 'भाइ कराउँदै घरतिर गएका थिए, प्रहरीले उतै कुटे होलान्, मैले देखिन ।' प्रहरी चौकी चुजाँठाटीका इन्चार्ज असई भिम बहादुर वलीले आफुले सम्झाई बुझाईमात्र गरेको बताए । 'उनको हात कसरी भाँचियो मलाई थाहा छैन', असई वलीले भने, 'मैले कुटेको छैन ।' मुस्कान सहितको सेवा दिनुपर्ने प्रहरीले निर्घात कुटपिट गरेर हात नै भाँचिदिएको बेला जिल्ला प्रहरी कार्यालय प्यूठानका प्रमुख नरेन्द्र कुमार कार्कीले प्रहरीको बचाउ गर्दै छानविन समिति बनाएर घटनाको छानविन गर्ने बताए । कुटपिट गरेर घाइते बनाउन नहुने स्वीकार गर्दै प्रमुख कार्कीले घटना के भएको हो त्यसको विषयमा सत्यतथ्य बाहिर ल्याउने जानकारी दिए । घाइते भएका दुई जनामध्ये झविलाल खत्री खाना खुवाउने जिम्मा लिएका याक बहादुर खत्रीको भान्जा नाता पर्दछन् भने फन बहादुर छोरा हुन् ।

### क्वारेन्टिनमा...

बनाउनुपर्ने पनि बताइएको छ । स्थानीय तहहरुले कोरोना जोखिम हुन नदिन क्वान्टिन निर्माणमा लाग्नुपर्ने आज शहरी विकास मन्त्रालयमा आयोजित पत्रकार सम्मेलनमा राज्यमन्त्री रामवीर मानन्धरले सो जानकारी दिए । उनका अनुसार निर्माणका लागि स्थानीय र प्रदेश सरकारले २५/२५ प्रतिशत र केन्द्र सरकारले ५० प्रतिशत आर्थिक लगानी गर्नुपर्ने हुन्छ ।

छिमेकी मुलुक भारतबाट नेपाल प्रवेश गर्ने मुख्य नाकाले व्यवस्थापनमा सङ्घीय सरकारको सहयोग अपरिहार्य रहेको, प्रारम्भिक स्वास्थ्य परीक्षण र पारवहनको जिम्मा प्रदेश सरकारले लिने पनि प्रतिवेदनमा भनिएको छ। लकडाउनपछि तेस्रो मुलुकबाट नेपाल आउन सक्ने व्यक्तिको संख्या यकिन गरी तीनको व्यवस्थापन पक्षमा पनि ध्यान दिइ उनीहरुको आर्थिक क्षमताका आधारमा वर्गीकरण गरी सोहीअनुरुपको स्वास्थ्य जाँच र पारवहन र क्वारेन्टिनको व्यवस्था मिलाउने विषय पनि प्रतिवेदनमा उल्लेख छ।

क्वारेन्टिनस्थलमा आधार भूत आवश्यकताको व्यवस्थापन अनिवार्य र मनोरञ्जनात्मक सामग्रीको अलवा इन्टरनेटको व्यवस्था गरिनुपर्ने विषय पनि उल्लेख गरिएको छ। मन्त्रिपरिषद्को गत चैत १६ गते बसेको बैठकले शहरी विकास राज्यमन्त्री र स्वास्थ्य राज्यमन्त्रीलाई दिइएको जिम्मेवारीअनुरुप काठमाडौं उपत्यका क्वारेन्टिन सञ्चालन गर्न सकिने स्थान र उपत्यका बाहिर हाल सञ्चालनमा रहेको क्वारेन्टिनको अनुगमन पनि यस किसिमको प्रतिवेदन तयार गरिएको हो ।

### संशोधनमा..

शर्मा ओलीले बोलाएको सर्वदलीय बैठकमा प्रमुख प्रतिपक्षी दल नेपाली काँग्रेसले समय मागेपछि कार्यसूचीमा राखिएको विधेयक स्थगित गरिएको छ । काँग्रेसले आज केन्द्रीय कार्य समितिको बैठक बोलाएको छ । यही बैठकबाट संविधान संशोधनबारे निर्णय लिने भएको छ ।

यस्तो बेलामा जसपाले छुट्टै प्रस्ताव अगाडि बढाएपछि सरकार भने अप्ठ्यारोमा परेको छ । यदि, काँग्रेस र जसपाले साथ नदिए संविधान संशोधन प्रक्रिया अगाडि बढ्न सक्ने देखिदैन । किनभने, नेकपासँग २७५ मध्ये १७४ सांसद मात्रै छन् । संविधान संशोधन गर्न दुई तिहाई आवश्यक हुन्छ ।

### तेस्रो ...

तत्काल उद्धार गर्नुपर्ने संसदीय समितिलाई जानकारी दिएका छन् ।

शुरुमा विदेशमा रहेका नेपालीलाई फर्काउनै नसकिने बताएका प्रधानमन्त्री केपी शर्मा ओलीले केही दिनअघि राष्ट्रका नाममा संवोधन गर्दा भने विदेशमा रहेका नेपालीहरुलाई स्वदेश फर्काउन आदेश जारी गर्ने बताएका थिए । बिहीबार सार्वजनिक आगामी आर्थिक वर्षको बजेटमा विदेशमा अलपत्र परेका नेपालीहरुलाई फिर्ता ल्याउन बजेट छुट्याएको अर्थमन्त्री डा. युवराज खतिवडाले बताएका थिए ।

### विदेशमै ...

गर्ने सहमति दिएको जनाएको छ । श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले कोरोना भाइरस महामारीका कारण अन्तर्राष्ट्रिय उडान बन्द भएकाले विदेशमा मृत्यु भएका कामदारहरुको शव सम्बन्धित देशमा नै अन्तिम संस्कार गर्नुपर्ने अवस्था आएको भन्दै सहमतिका लागि परिवारका सदस्यहरुलाई आह्वान गरेको थियो ।

विदेशमा नै दाह संस्कार गर्न सहमति जनाएका मृतक कामदारका आश्रीत परिवारलाई सान्त्वना स्वरुप ५० हजार रुपैयाँ उपलब्ध गराउने श्रममन्त्रालयले यसअघि नै निर्णय गरिसकेको छ । उक्त निर्णयप्रति भने कतिपय मृतकका परिवारले असन्तुष्टि जनाएका छन् ।

मन्त्रालयले कोराना भाइरस संक्रमण लामो समय रहने अवस्था देखिएकोले विदेशमा रहेका शव नेपाल ल्याउन सहज नभएको भन्दै अन्तिम संस्कारका लागि परिवारको सदस्यको सहमति जिल्ला प्रशासन कार्यालयमार्फत सहमति पत्र पठाइदिन आग्रह गरेको थियो ।

मन्त्रालयले विदेशमा कामदारको मृत्यु भएमा ५० हजार रुपैयाँ सान्त्वना स्वरुप दिने निर्णय अन्तर्राष्ट्रिय उडान सूचारु भएपछि पनि यथावत रहने निर्णय गरेको छ । विदेशमै दाह संस्कार गर्दा परिवारमा लामो समय मानसिक समस्या रहने भन्दै परिवारका सदस्यहरुले सरकारले जुनसुकै माध्यम अपनाएर भएपनि शव स्वदेश ल्याउनुपर्ने माग गरेका छन्।

मन्त्रालयको उक्त निर्णयप्रति मृतकका परिवारले सरकारको निर्णयले आफुहरुको पीडामा झन् पीडा थपेको गुनासो गरेका छन् । गत मे ६ तारिकमा कुवेतमा कपिलवस्तुकका विष्णु प्रसाल न्यौपानेको मृत्यु भएको थियो । उनको शव अहिले पनि त्यहीँ रहेको छ । हाल कुवेतमै रहेकी न्यौपानेकी श्रीमती चन्द्रकला न्यौपानेले सरकारको निर्णयले पीडित परिवारमा झन् पीडा थपेको बताएकी छन् ।

### बहराइनमा...

हामफालेर आत्महत्या गरेको बताइएको छ ।

राजदूत सुन्दासले बहराइनमा हालसम्म संक्रमित ३ सय ३१ जना नेपाली मध्ये धेरैजसो उपचार पछि निको भइसकेको भन्दै संक्रमितको उपचार राम्रो र विश्वसनीय रहेकोले आत्तिने अवस्था नरहेको भन्दै सतर्क भई बस्न नेपाली समुदायलाई आग्रह गरेका छन् ।

### ६0 अर्बको ...

पसल तथा नागरिकको दैनिक उपभोग्य पसलका लागि रकम उपलब्ध गराउँदासमेत झण्डै रु ५० करोड बराबरको सहुलियत प्राप्त हुने भएको छ ।

"नगदमा मात्रै राहत हुन्छ भन्ने होइन, अन्य क्षेत्रमा दिइएको छुट पनि राहत हो, राहतको कार्यक्रम भनेको नगदै बाँड्ने मात्र होइन, करछुट, ब्याजदरमा सहुलियतबाट दिन सकिन्छ", उनले भने । सबै उपाय अपनाएर राहतको प्याकेज ल्याएको बताउनुभयो। यस्तै करमा मात्रै रु छ अर्बको राहत प्याकेज दिइएको अर्थमन्त्री खतिवडाको भनाइ छ ।

अर्थमन्त्रीले चालु आर्थिक वर्षको तुलनामा आगामी वर्षको बजेट करिब चार प्रतिशत कम आकारको आएको र यो आवश्यकता भएको स्पष्ट पारे । चालु आर्थिक वर्षको तुलनामा आगामी आवको बजेट रु ५८ अर्ब ३२ करोड ७१ लाखले घटेको छ। आगामी आवका लागि आज रु १४ खर्ब ७४ अर्ब ६४ करोड बराबरको बजेट प्रस्तुत गरिएको छ । चालु आवका लागि गत वर्ष जेठ १५ गते प्रस्तुत गरिएको बजेट रु १५ खर्ब ३२ अर्ब ९६ करोड ७१ लाख रहेको थियो ।

सामान्यता हरेक वर्ष १० देखि १४ प्रतिशत बजेट बढ्ने गरेकामा कोरोनाका कारण यस वर्षको बजेटको आकार झण्डै चार प्रतिशतले घटाइएको अर्थमन्त्री डा खतिवडाको भनाइ छ । विषम अवस्थालाई ध्यानमा राखेर बजेटको आकार बढाउन नसकिएको उहाँको प्रष्टोक्ति छ । सामान्यता बजेटको आकार हरेक वर्ष बढ्ने भए पनि यस वर्ष घटनुको पछाडि मुलुक सामान्य अवस्थामा छैन भन्ने नै हो । "बजेटको आकार सानो हुनु भनेको हामी सामान्य अवस्थामा छैनौं भन्ने बुझिन्छ, सामान्य अवस्थामा मुद्रास्फितीलाई समेत ख्यालमा राखेर बजेटको आकार कम्तीमा १० देखि १४ प्रतिशतसम्म बढ्छ, तर यस पटक हामी असामान्य अवस्थामा भएकाले केही कम हुन गयो", उनले भने ।

उनले उच्च आर्थिक वृद्धिदर हासिल गर्नका लागि अत्यन्त धेरै लगानी आवश्यक रहेको, निजी क्षेत्रको लगानीलाई प्रोत्साहन गर्ने गरी सार्वजनिक क्षेत्रको लगानीलाई पनि अगाडि बढाउनुपर्ने भएकाले त्यसलाई सामान्य सिद्धान्तका रुपमा उल्लेख गर्नुभयो । निजी क्षेत्रको लगानीलाई परिपूरक भूमिका निर्वाह गर्ने गरी 'क्राउड आउट' नगरी 'क्राउड इन' गर्ने गरी सरकारको खर्च र लगानी बढाउनुपर्नेमा जोड दिँदै उहाँले यस्तो विधिले हामीलाई उच्च आर्थिक वृद्धिको बाटोमा लैजाने स्पष्ट पारे ।

# बजेट विनियोजनसँगै नवौं राष्ट्रिय खेलकूद सञ्चालन हुने आशा



**कृष्ण दवाडी/रासस**
कास्की, १६ जेठ

सरकारले आगामी आर्थिक वर्ष २०७७/०७८ को बजेट वक्तव्यमा नवौं राष्ट्रिय खेलूकद प्रतियोगिताका लागि आवश्यक पूर्वाधार निर्माणमा बजेट विनियोजन गरेको छ ।

अर्थमन्त्री डा युवराज खतिवडाले बिहीबार सङ्घीय संसद्मा प्रस्तुत गरेको बजेट वक्तव्यमा राष्ट्रिय खेलकूद प्रतियोगिता सञ्चालन गर्न आवश्यक पूर्वाधार निर्माण एवं व्यवस्थापनका लागि रकम विनियोजन गरिएको उल्लेख छ ।

सरकारले आगामी फागुनमा गण्डकी प्रदेशमा नवौं राष्ट्रिय खेलकूद प्रतियोगिता आयोजना गर्ने निर्णय गरिसकेको छ । यसअघि सरकारको वार्षिक नीति तथा कार्यक्रममा राष्ट्रिय खेलकूदका सम्वन्धमा केही पनि उल्लेख नहुँदा प्रतियोगिता बारेमा अन्योलता छाएको थियो । खेलकूदको सबैभन्दा ठूलो प्रतियोगिताका बारेमा सरकारको वार्षिक कार्यक्रममा नआउँदा खेल सङ्घ तथा खेलकर्मीले निराशा व्यक्त गरेका थिए ।

कोभिड-१९ को सङ्क्रमण रोक्न जारी बन्दाबन्दीले हाल खेलकूदका सम्पूर्ण प्रतियोगिता तथा खेल पूर्वाधार निर्माण कार्य प्रभावित भएको र सरकारले समेत कार्यक्रममा यसका बारेमा केही उल्लेख नगर्दा प्रतियोगिताका सम्बन्धमा रहेको दुविधा हाललाई अन्त्य भएको छ ।

बजेट कार्यक्रममा समावेश भएपछि प्रतियोगिता सञ्चालन हुनेमा खेलकर्मी आशावादी छन् । यद्यपी कोभिड-१९ को प्रभाव लामो समयसम्म रहेको अवस्थामा भने प्रतियोगिता तोकिएको मितिमा सम्पन्न हुने अवस्था भने देखिँदैन ।

राष्ट्रिय खेलकूद परिषद्का सदस्य राजेशकुमार गुरुङले राष्ट्रिय खेलकूदका लागि बजेट विनियोजनसँगै यस वर्ष प्रतियोगिता नहुने हो की भन्ने आशङ्का हटेको जानकारी दिए । खेलकूदमा आगामी वर्षका लागि विनियोजित बजेटबाट सन्तुष्ट हुने अवस्था नरहे पनि बजेट कार्यक्रमले प्रतियोगिताका सम्बन्धमा रहेको अन्योल भने हटाएको र कोभिड-१९ को अहिलेको सङ्कट अन्त्य भएको खण्डमा प्रतियोगिता सुनिश्चित गराएको बताए ।

'नवौं खेलकूदका सम्वन्धमा रहेको दुविधा र अन्योलता बजेटपछि हटेको छ, गण्डकी प्रदेश सरकारबाट समेत प्रतियोगिताका लागि बजेट विनियोजनको प्रतिबद्धता प्राप्त भएको छ, पोखरामा दोस्रो पटक राष्ट्रिय खेलकूद भव्यरुपमा सम्पन्न गर्न अहिलेबाट नै लाग्नु आवश्यक छ', राखेप सदस्य गुरुङले भने । प्रदेश सरकारबाट राष्ट्रिय खेलकूदका लागि आगामी वर्ष पाँच करोड बजेट विनियोजन गर्ने प्रतिबद्धता प्राप्त भएको गुरुङले जानकारी दिए ।

नवौं खेलकूदका लागि गण्डकी प्रदेशमा अधिकांश खेल पूर्वाधार भने तयारी अवस्थामा छन् । केही पूर्वाधार निर्माणको चरणमा रहेकामा केहीको निर्माण प्रक्रिया शुरु गरिने राष्ट्रिय खेलकूद परिषद्ले जनाएको छ । प्रतियोगिताका लागि स्वीमिङ पुल (पौडी पोखरी), सुटिङ रेञ्ज र हक्कीको पूर्वाधार छैन । त्यसैगरी बक्सिङका लागिसमेत संरचना तयार गर्नुपर्ने छ ।

पश्चिमाञ्चल क्षेत्रीय खेलकूद विकास समितिका निर्वतमान अध्यक्ष सम्पन्न श्रेष्ठले प्रतियोगिताका लागि बजेट विनियोजन गरिनु सकारात्मक भएको र अनेक आशङ्का अन्त्य भएको बताए । कोभिड-१९ को अहिलेको विषम अवस्थामा समेत आवश्यक सुरक्षा उपाय अवलवम्न गरी समयै बाँकी खेलका पूर्वाधारसमेत निर्माण थालनी गर्नुपर्नेमा उनको जोड छ ।

राष्ट्रिय खेलकूदका लागि पश्चिमाञ्चल क्षेत्रीय खेलकूद विकास समितिले सरकारसँग खेल पूर्वाधार निर्माण तथा मर्मतसम्भारका लागि रु ४३ करोड ७० लाख बजेट माग गरेको छ । समितिका कार्यालय प्रमुख लक्ष्मणनाथ योगीले गत वैशाखमा प्रतियोगिताका लागि युवा तथा खेलकूद मन्त्रालयसँग सो रकम माग गरिएको जानकारी दिए । गण्डकीका ११ वटै जिल्लामा कम्तिमा एक खेल सञ्चालन गर्ने योजना समितिको छ ।

गत वर्ष वैशाखमा प्रदेश नं ५ का बाँके लगायतका जिल्लामा सम्पन्न आठौं राष्ट्रिय खेलकूदपछि नवौंको जिम्मा गण्डकी प्रदेशले पाएको थियो । प्रतियोगिता समापनका अवसरमा आगामी संस्करण आयोजनाको झण्डा बोकेर गण्डकीको टोली पोखरा आएको थियो ।

नेपाली खेलकूदको कुम्भ मेला राष्ट्रिय खेलकूद सरकारले हरेक दुई/दुई वर्षमा आयोजना गर्दछ । विसं २०३८ बाट यसको शुरुआत भएको हो । शुरुआती तीन संस्करण नियमित भएकामा त्यसपछि भने केही अन्तरालमा प्रतियोगिता हुँदै आएका छन् । विसं २०३८ मा काठमाडौं र दोस्रो संस्करण २०४० मा पोखरामा भएको थियो । विसं २०४२ मा तेस्रो संस्करण वीरगञ्ज तथा चौथो संस्करण नेपालगञ्जमा भएको हो ।

पाँचौं विसं २०६५ मा काठमाडौं, छैटौं विसं २०६८ मा धनगढी तथा सातौं र आठौं क्रमशः विसं २०७३ मा विराटनगर तथा विसं २०७५ मा नेपालगञ्जमा सम्पन्न भएको थियो । शुरुआतका तीन संस्करणमा १४ अञ्चलको सहभागिता रहेको थियो प्रतियोगितामा चौथो संस्करणबाट पाँच विकास क्षेत्र तथा विभागीय टोली तथा आठौंदेखि सात प्रदेश, विभागीय टोली र एनआरएनको सहभागिता रहेको थियो ।

# बोस्टन म्याराथन रद्ध



**काठमाडौं, एजेन्सी–** विश्वको सबैभन्दा लामो दूरीको बस्टोन म्याराथन एक सय २४ वर्षको इतिहासमा पहिलो पटक रद्ध गरिएको छ ।

कोरोना भाइरसको महामारीका कारण पहिलो पटक सो प्रतियोगिता स्थगित गरिएको हो । कोरोना भाइरसको महामारीका कारण २० अप्रिलमा हुने भनिएको प्रतियोगिता १४ सेप्टेम्बरमा सारिएको थियो । प्रतियोगितामा सहभागिता जनाउने ठूलो संख्याबाट हुने खतरालाई मध्य नजर गर्दै सो प्रतियोगिता रद्ध गरिएको हो ।

बस्टोनमा मेयर मार्टि वेल्सका अनुसार कोरोना भाइरसको सम्भावित जोखिम कम गर्न सो प्रतियोगिता रद्ध गरिएको बताएका छन् । प्रतियोगितामा सहभागिता जनाउनका लागि यस अघि नै प्राय सबै धावकहरुले शुल्क तिरिसकेको र सो रकम फिर्ता गरिने मेरले वेल्सले बताए । अब प्रतियोगिता भर्चुयल प्रणालीबाट हुने बताइएको छ । ६ घण्टाको अन्तरालमा २६ दशमलब २ माइल्सको सो भर्चुयल प्रतियोगिता सहभागिता जनाउनेहरुका लागि मेडल, टिसर्ट र बिफको व्यवस्था गरिएको मेयरले बताए । बोस्टन म्याराथन १८९७ पछि हरेक वर्ष हुँदै आएको प्रतियोगिता हो । गत वर्ष सो प्रतियोगिताको उपाधी केन्याका लरेन्स चेरेनो तथा इथियोपियाकी वर्कनेस डिगेफाले उचालेका थिए ।

# छत्तिसगढका प्रथम मुख्यमन्त्री अजित जोगीको निधन



**रायपुर, एजेन्सी–** भारतको छत्तिसगढका प्रथम मुख्यमन्त्री अजित जोगीको निधन भएको छ । लामो समयसम्म प्रदेशस्तरको राजनीतिमा नेतृत्व गरेका प्रभावशाली नेता जोगीको शुक्रबार एक निजी अस्पतालमा ७४ वर्षको उमेरमा निधन भएको हो ।

उनलाई गत २० दिनदेखि अस्पतालमा उपचार गराइएको थियो ।

उनकी श्रीमती रेनु जोगी प्रदेश सभा सदस्य छन् भने छोरा अमित जोगी प्रदेश सभाका पुर्व सदस्य छन् । 'स्थानीय समय अनुसार दिउसो ३.३० मा उहाँले अन्तिम स्वास फेर्नुभयो, त्यसपछि विदा हुनुभयो,' अस्पतालका एक चिकित्सकले भने ।

उनलाई स्थानीय श्री नारायण अस्पतालमा भर्ना गरिएको थियो । उनलाई स्वासप्रश्वाससम्वन्धी समस्या उत्पन्न भएको अस्पतालका मेडिकल डाइरेक्टर डा सुनिल खेम्काले जानकारी दिए । कर्मचारीबाट राजनीतिमा प्रवेश गरेका जोगीले छत्तिसगढ प्रदेशको पहिलो मुख्यमन्त्री हुदै सन् २०० देखि २००३ सम्म मुख्यमन्त्री भएका थिए ।

# इंग्ल्याण्ड क्रिकेट टिम प्रशिक्षणमा



**लण्डन, एजेन्सी–** इंग्ल्याण्ड क्रिकेट टिमले कोरोनापछि क्रिकेट सुरु गर्ने योजनाका साथ ५५ जना खेलाडीलाई प्रशिक्षणमा बोलाएको छ । जसमा १४ जना नयाँ खेलाडी रहेका छन् । अन्तर्राष्ट्रिय प्रतियोगिताका लागि इंग्ल्याण्ड र वेल्स क्रिकेट संघले क्याम्पमा बोलाएका खेलाडीमा चार बर्षपछि सिची टोप्ले पनि परेका छन् ।

चोटका कारण उनको करियर धरापमा परेका बेला उनलाई चार बर्षपछि सिनियर टिमको प्रशिक्षणमा बोलाइएको छ । इंग्ल्याण्डले टेष्ट र छोटो फरम्याटको खेलका लागि छुट्टै टिम बनाउने योजना बनाएको छ । त्यसको छनोटका लागि ५५ खेलाडीलाई क्याम्पमा बोलाएको छ ।

इंग्ल्याण्डले शुक्रबार आफ्नो क्रिकेट तालिका सार्वजनिक गर्ने बताइए पनि सारिएको छ । इंग्ल्याण्डले जुनमा वेष्ट इन्डिजविरुद्ध तीन टेष्ट सिरीज आयोजना गर्नेछ । जुन बन्द रंगशालामा हुनेछ । यस्तै आयरल्याण्डसँग तीन एकदिवसिय र दुई टेष्टको आयोजना गर्ने बताइएको छ ।

पहिलो पटक राष्ट्रिय टिमको क्याम्पमा परेका खेलाडीमा जेम्स ब्रासे, हेनरी ब्रोक्स, साम हेन, लउरी इभान्स, फिल साल्ट, ओली रोविनसन, जेमी ओभरटन, क्रेगका जुम्ल्याहा दाई भाई रहेका छन् ।

यस्तै ब्रेडोन कार्स, टोम हेल्म, रिचार्ड ग्लेसोन, टोम काडमोर पनि पहिलो पटक टिममा परेका छन् ।

यसैबीच, इंग्ल्यान्डमा अगष्ट महिना अघि कुनै घरेलु क्रिकेट प्रतियोगिता नहुने भएको छ । इंग्ल्यान्ड र वेल्स क्रिकेट बोर्डले अगष्ट १ अघि कुनै घरेलु क्रिकेट प्रतियोगिता सुरु नगर्ने निर्णय लिएको हो ।

बोर्डले अगष्ट महिना नजिकैबाट मात्र रातो र सेतो बलको प्रतियोगिताबारे सोच्ने जनाएको छ । विश्वभर महामारीको रूपमा फैलिएको कोरोना भाईरसको कारण बोर्डले सरकारको गाइडलाइन पालना गर्दै यस्तो निर्णय लिएको जनाएको छ । यद्दपी अभ्यासको लागि भने सामाजिक दुरी कायम गरी नेट र मैदानमा अभ्यास गराउने बोर्डले तयारी गरेको छ । अभ्यासमा महिला र पुरुष क्रिकेटरलाई नै समावेश गरिने बोर्डले जनाएको छ ।

'हामीले यस समय धेरै पाठ सिकेका छौं र सिक्दै छौं । सुरक्षामा उपारहरु अन्तराष्ट्रिय क्रिकेट तथा घरेलु क्रिकेट प्रतियोगितामा अपनाउनु पर्नेछ चाहे त्यो बन्द रंगशालामा खेलिएको किन नहोस्,' बोर्डका प्रमुख कार्यकारी टम ह्यारीसनले भने ।' 'धेरै राष्ट्रमा खेलाडीहरू नेटमा फर्किएका छन् भन्ने सुन्दा रमाइलो लाग्छ । जब साना विद्यार्थीहरू आउने हप्ता देखि विद्यालय जान सुरु गर्नेछन् हामी पनि गाइडलाइन पालना गर्दै क्रिकेट फर्काउने तयारी गर्ने छौं ।' यस्तै प्रमुख कार्यकारी ह्यारिसनले इंग्ल्यान्डमा यसै सिजन नै इंग्ल्यान्डमा क्रिकेट फर्कने विश्वास रहेको बताए ।

# एफ ए कपको फाइनल अगस्टमा




**काठमाडौं, एजेन्सी–** एफ ए कपको फाइनल अगष्टमा गर्ने पक्का भएको छ । इंग्ल्याण्ड फुटबल संघले शुक्रबार एफ ए कपको फाइनल खेलाउने मिति अगस्ट १ तारिखलाई तय गरेको हो ।

यस्तै प्रतियोगिताको क्वाटरफाइनल जुन २७ र २८ मा खेलाइने भएको छ भने सेमिफाइनल जुलाई ११ र १२ मा खेलाइने छ । प्रिमियर लिगको वीचमा समय छुट्याएर एफ ए कपको आयोजना हुनेछ ।

एफ ए कपको क्वाटरफाइनलमा हुने खेलहरुमा लेस्टरले चेल्सीसँग, न्यूक्यासलले म्यानचेस्टर सिटी, सेफिल्डले आर्सनल र नोविर्चले म्यानचेस्टर युनाइटेडसँग खेल्नेछ । यसपटक एफ ए कप खेलाउने समय भने परिवर्तन हुने भएको छ ।


## नरहा गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
**नरहा, सिरहा**
**प्रदेश नं. २, नेपाल**

## अस्पतालको लागि औषधी तथा औषधीजन्य पदार्थ खरिद सम्बन्धी सिलबन्दी दरभाउपत्र आह्वानको सूचना

प्रथम पटक सूचना प्रकाशन मिति :- २०७७/०२/१६

यस नरहा गाउँपालिका अन्तरगतका स्वास्थ्य चौकीहरुको लागि २०७६।०७७ मा आवश्यक पर्ने औषधी तथा औषधीजन्य पदार्थ शिलबन्दी दरभाउपत्रका माध्यमबाट आर्पुति गर्नु पर्ने भएकोले ईच्छुक औषधी खरिद विक्री सम्बन्धी ईजाजतपत्र प्राप्त व्यक्ति, फर्म, कम्पनी, व्यवसायी तथा संस्थाहरुले निम्न शर्तको अधिनमा रही बोलपत्र फारम खरिद गरी शिलबन्दी दरभाउपत्र पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

१) यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ औं दिनसम्म कार्यालय समयमा यस कार्यालयबाट दरभाउपत्र फारम, फारम रु. १०००/- (रु.एक हजार मात्र) फिर्ता नहुने गरी तिरी आ.व.२०७६/०७७ को लीग नविकरण गरेको औषधी व्यवसाय, दर्ता ईजाजतपत्र, स्थायी लेखा दर्ता नम्बर (प्यान) पत्रमाणपत्र, मुल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्र र आ.व. २०७५/०७६ सम्मको कर चुक्ता प्रमाणपत्र, नागरिकताको छायाँ प्रति र रु १०/- को टिकट टाँस गरिएको निबेदन पेश गरेपछि नियमानुसार सम्बन्धी शिलबन्दी दरभाउपत्र फारम उपलब्ध गराईने छ ।

२) दरभाउपत्र फारम साथ कबोल गरेको अंकको ३ प्रतिशतले हुने रकम तल उल्लेख भए बमोजिम नघटाई धरौटी वापतको जमानत रकम नरहा गाउँ कार्यपालिकाको कार्यालय नरहा, सिरहाको राष्ट्रिय बाणिज्य बैंक सिरहामा रहेको धरौटी खाता नं.२१३००३०३०००००५ग३ मा जम्मा गरेको सक्कले भौचर पेश गर्नु पर्नेछ वा वाणिज्य चेकबाट एक सय बीस (१२०) दिनको मान्य अवधि हुने गरी जारी भएको बैक जमानत (बैक ग्यारेन्टी) पेश गर्नु पर्नेछ ।

३) टिपेक्स लगाएको दरभाउपत्र मान्य हुने छैन ।

४) दरभाउपत्रदाताले दरभाउपत्र फारममा दररेट उल्लेख गर्दा मु.अ.कर बाहेकको रकम उल्लेख गर्नु पर्नेछ ।

५) दरभाउपत्र फारम राखेको खाममा लाहछाप लगाई खामको बाहिर पटी नरहा गाउँपालिकाको कार्यालय नरहा, सिरहा नाम सम्बोधन गरी नरहा गाउँपालिका अन्तरगतको स्वास्थ्य चौकीहरुको लागि औषधी तथा औषधीजन्य पदार्थ आपूर्ति गर्ने सम्बन्धी कार्य गर्ने बारेको दरभाउ फारम भनि उल्लेख गर्नु पर्नेछ ।

६) दरभाउपत्र फारम दाखिला गर्ने स्थान : नरहा गाउँकार्यपालिकाको कार्यालय प्रशासन शाखा नरहा, सिरहा ।

७) दरभाउपत्र फारम दाखिला गर्नु पर्ने अन्तिम मिति : सूचना प्रकाशित भएको मितिले १६ औं दिन दिनको १२:०० बजेभित्र ।

८) दरभाउपत्र फारम खोलिने मिति : सूचना प्रकाशित भएको मितिले १६ औं दिन दिनको २:०० बजे कार्यालय प्रतिनिधिउपस्थितीनभएपनि दरभाउपत्रखोल्न बाधा पर्ने छैन .

९) दरभाउपत्र फारम खोलिने स्थान : नरहा गाउँ कार्यपालिकाको कार्यालय नरहा, सिरहा ।

१०) दरभाउपत्र फारम खरिद गर्ने, दाखिला गर्ने तथा खोलिने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा माथि उल्लेखित समयमा सो को भोलिपल्ट ।

११) घटीवाल वा बढीवालाको दरभाउपत्र फारम स्वीकृत गर्ने, अथवा रद्ध गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहेनेछ ।

१२) औषधी खरिद गर्दा स्टोर दाखिला हुने समयमा १८ (अठार) महिना भन्दा कम अवधि Expired date हुनु हुँदैन ।

१३) ठेक्का सम्झौता भएपछि ठेक्का अवधि भर कुनै पनि मूल्यबृद्धि दिइने छैन ।

१४) नियमानुसार ठेक्का सम्झौता भए पछि मात्र अन्य दरभाउपत्र दातालाई धरौटी फिर्ता दिइनेछ ।

१५) अंक र अक्षरमा लेखिएको दररेटको व्यहोरा फरक पर्न गएमा अक्षरमा लेखिएकोलाई मान्यता दिइने छ ।

१६) एक व्यक्ति वा फर्मलाई एक भन्दा बढी दरभाउपत्र खरिद गर्न दिइने छैन ।

१७) यस सूचनामा परेका कुरा यसै सूचना बमोजिम हुनेछ भने यस सूचनामा नपरेका अन्य कुराहरु सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ र नेपालको कानून बमोजिम हुनेछ ।


| क्र. सं. | ठेक्का नम्बर | ठेक्काको विवरण | स्वीकृत लागत अनुमान रकम (मु.अ.करसमेत) | धरौटी रकम | धरौटी खाता नं. |
|---|---|---|---|---|---|
| १ | ०१।०७६।०७७ | औषधी तथा औषधीजन्य पदार्थ खरिद | १०,५०,०००।- | लागत अनुमानको ३% | २१३००३०३०००००५ग३ |

**प्रमुख प्रशासकीय अधिकृत**

बजेट २०७७/७८

# अर्थशास्त्रीहरु भन्छन्- कार्यान्वयनमा जोड दिउँ

मध्यान्ह संवाददाता
काठमाडौं, १६ जेठ



बिहीबार संघीय संसदको संयुक्त बैठकमा सार्वजनिक गरिएको आगामी आर्थिक बर्षको बैठकमा अर्थशास्त्रीहरुले आफ्ना सकारात्मक धारणा राखेका छन् । नेपाल आर्थिक पत्रकार समाज (सेजन)ले शुक्रबार आयोजना गरेको श्रव्य दृश्य छलफलमा पूर्व अर्थमन्त्री तथा विभिन्न अर्थविदहरुले सकारात्मक धारणा व्यक्त गरेका हुन् । पूर्व अर्थमन्त्री सुरेन्द्र पाण्डेले सरकारले बिहीबार प्रस्तुत गरेको आगामी आर्थिक वर्षको बजेट सकारात्मक रहेको टिप्पणी गरेका छन् । नेपाल आर्थिक पत्रकार समाज (सेजन) ले शुक्रबार आयोजना गरेको श्रव्य दृश्य छलफलका क्रममा पूर्वअर्थमन्त्री पाण्डेले आगामी बजेटले मानव स्वास्थ्य, अर्थतन्त्रको स्वास्थ्य बिग्रेको बेलामा जस्तो बजेट आउनुपर्ने थियो, त्यस्तै आएको भन्दै प्रसन्नता व्यक्त गरे ।

नेता पाण्डेले सङ्क्रमण रोग नियन्त्रणका लागि ३०० शचया 'बेड'को अस्पताल सङ्घीय राजधानीमा बनाउने, प्रदेशमा ५० बेडको र स्थानीय तहमा समेत अस्पताल बनाउने विषय समावेश गरिएको विषय आफैँमा महत्वपूर्ण भए पनि जिल्लाका अस्पतालमा नै चिकित्सक नरहेको अवस्थामा पालिकाहरूमा स्वास्थ्यकर्मी पुऱ्याउने विषय भने आफैँमा चुनौतीपूर्ण भएको बताए ।

चालू आवमा तोकिएअनुसारको बजेट कार्यान्वयन हुन नसकेको, राजश्व सङ्कुचनमा आएको र विप्रेषणको अवस्थामा समेत कमी आएको अवस्थामा आगामी दिनमा पनि त्यसको प्रभाव पर्न सक्ने बताए ।

वैदेशिक मुद्रामा दबाब पर्यटन, वैदेशिक रोजगारीमा समस्या परेकाले दबाब पर्ने अवस्था छ । सरकारले चालू खर्च कटौती गर्ने विषयलाई विशेष व्यवस्था गरेको तथा अनावश्यक कार्यालय खर्च, कार्यक्रम बन्द गर्ने तथा स्वास्थ्य क्षेत्रमा झण्डै रु २२ अर्बबराबरको बजेट थप हुनु स्वाभाविक र महत्वपूर्ण रहेको बताए ।

उनले बजेटमा झण्डै ६ लाख रोजगारी सिर्जना गर्ने विषय महत्वपूर्ण भए पनि विभिन्न शीर्षकमा राखिएको बजेटलाई एकीकृत गरेर एउटै बास्केटमा राखेर काम गर्नुपर्ने सुझाव दिए ।

नगरपालिका र गाउँपालिकाको सिफारिसमा दिने गरी रु ५० अर्बको कोष खडा गरेर गाउँपालिका र नगरपालिकाको सिफारिसका आधारमा ऋण दिन चाहनेलाई दिने व्यवस्था गरिएको भए थप प्रभावकारी हुने धारणा राखे । रोजगारीका लागि दिइने रकमको सदुपयोग हुनेतर्फ पनि ध्यान दिनुपर्ने बताए । उनले सरकारले खर्च कटाउने तथा अनावश्यक क्षेत्रमा खर्च नगर्ने विषय आफैँमा सकारात्मक भए पनि आर्थिक वृद्धिको लक्ष्य पूरा हुन सक्छ त भन्ने प्रश्न भने कायमै रहेको बताए ।

वैदेशिक सहयोग नआएको अवस्थामा आन्तरिक ऋण उठाएर चालू खर्च धान्नुपर्ने अवस्था आउन सक्ने भएकाले विशेष ख्याल राख्न सरकारलाई सुझाव दिए । सरकारले खर्च कटौती गर्दा, निजी क्षेत्रलाई कुनै समस्या नपर्ने भएकाले त्यसको विरोध गर्नुको अर्थ नहुने नेता पाण्डेको भनाइ छ । उनले आन्तरिकरूपमा बजार विस्तार गरी आर्थिक गतिविधि बढाउनका लागि तरकारी, दूधजस्ता कृषि उपजको समेत माग बढाउनुपर्ने बताए ।

नेपाली काँग्रेसका नेता एवं पूर्वअर्थमन्त्री डा रामशरण महतले सरकारले प्रचारात्मक शैलीको बजेट ल्याएको आरोप लगाउनुभयो । उनले बजेट इच्छा, आकाङ्क्षाले परिपूर्ण रहेको उल्लेख गर्दै कृषि, रोजगारी क्षेत्रमा केही विषय समावेश गरिएको भए पनि सरकारको कार्यान्वयनको क्षमता नभएकाले आगामी आवको बजेटसमेत कार्यान्वयन हुने अवस्था नभएको बताए ।

शिक्षा, स्वास्थ्य, खानेपानी, विद्युत्, बैंकिङ क्षेत्रमा भएको प्रगति गएको दुई दशकबढीको उपलब्धि भएको स्पष्ट पार्दै उनले बजेट कार्यान्वयन हुन सक्नेभन्दा ठूलो रहेको उल्लेख गरे । कार्यान्वयन हुन सक्नेभन्दा ठूलो बजेट बनाइएको आरोप लगाउँदै उनले आफूहरूले झण्डै रु १४ खर्ब जतिको बजेट वस्तुपरक हुने सुझाव यसअघि दिएको भए पनि त्यसको सुनुवाइ नभएको बताए । बजेटको कूल ३६ प्रतिशत आन्तरिक स्रोतबाट उठाउने विषय राम्रो नभएको स्पष्ट पार्दै उनले राष्ट्रिय ऋण बढ्ने र भावी पुस्तालाई समेत समस्यामा पार्न सक्ने चिन्ता व्यक्त गरे ।

राष्ट्रिय योजना आयोगका पूर्व उपाध्यक्ष डा शङ्कर शर्माले बजेटले केही विषय सकारात्मक भए पनि कार्यान्वयनको पक्षमा भने विशेष ध्यान दिनुपर्ने बताए ।

यस्तै पूर्वप्रधानमन्त्री डा बाबुराम भट्टराईले विगत लामो समयदेखि हरेक वर्षको बजेटमा उही कुरा दोहोरिँदै आएको र आगामी आवकोमा समेत उस्तै अवस्था रहेको टिप्पणी गरेका छन् । उनले शिक्षा, स्वास्थ्य र सामाजिक सुरक्षाका विषयमा राज्यले नै ध्यान दिनुपर्ने भए पनि त्यसतर्फ ठोस र प्रभावकारी कार्यक्रम आउन नसकेको गुनासो गरे ।आगामी आर्थिक वर्षको बजेट परम्परावादी तवरले आएको आरोप लगाउँदै उनले गुणात्मक परिवर्तन र क्रमभङ्गको अपेक्षालाई त्यसले सम्बोधन गर्न नसक्ने आरोप लगाउनुभयो । बजेट समाजवादोन्मुख पनि नभएको र बजारवादतर्फ पनि जान नसकेर दोबाटोमा उभिएको जस्तो देखिएको र विगतदेखि नै त्यस्तै अवस्था रहेको भन्दै उनले दोबोटोमा उभिएर कहीँ पनि नपुगिने धारणा राखे ।


सामाजिक सुरक्षामा खर्च भएको रु ७० अर्बलाई विशेष व्यवस्था गरेर गरिब, श्रमजीवी वर्गको हितमा लगाउनुपर्ने सङ्घीय समाजवादी पार्टीका नेता समेत रहनुभएका डा भट्टराईको भनाइ छ । विदेशबाट फर्किएका युवालाई विशेष कार्यक्रमका साथ अगाडि बढाउनुपर्नेमा त्यसो नभएको र कृषि क्षेत्रमा ठूलो लगानी गर्नुपर्ने अवस्था भए पनि त्यसतर्फ ध्यान नदिइएको उनको गुनासो छ । रेल, पानीजहाजजस्ता विषय यस वर्षका लागि अनावश्यक रहेको उल्लेख गर्दै उनले भने, "यस वर्ष ती विषयलाई थाँती राख्दा फरक पर्ने थिएन । यस वर्ष स्वास्थ्य, शिक्षा, रोजगारीमा ध्यान दिनुपर्ने थियो त्यो भने हुन सकेन ।"

सरकारले साना, मझौला तथा ठूला उद्योगको विकासलाई प्रमुख प्राथमिकता दिएर वैदेशिक लगानी भित्र्याउनेतर्फ सहज वातावरण बनाउनुपर्नेमा त्यसतर्फ ध्यान नदिइएकामा आपत्ति जनाउनुभयो । यो वर्ष रेल र पानीजहाज थाँती राख्दा फरक नपर्ने बरु, शिक्षा, स्वास्थ्य, रोजगारी र राहत यस वर्षको प्रमुख आवश्यकता हुनुपर्ने उनको भनाइ छ । नेपालमा आएको ऋणको दुरुपयोग भएकामा गुनासो गर्दै उनले ठूला भौतिक पूर्वाधारको विकासका लागि ऋण लिन डराउनु नहुने बरु त्यसको सदुपयोग हुनुपर्ने बताए ।

यस्तै उनले राष्ट्रिय गौरवको आयोजना बूढीगण्डकी 'आसेपासे पूँजीवाद'को तानातानमा परेको आरोप लगाउनुभएको छ । कूल एक हजार २०० मेगावाट क्षमताको सो आयोजनाको विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) समेत तयार भएको र निर्माणमा लैजान सकिने अवस्थामा भए पनि कुनै प्रक्रिया अगाडि नबढाइएकामा आपत्ति प्रकट गरे ।

आफू प्रधानमन्त्री रहेको समयमा सो आयोजनालाई राष्ट्रिय गौरवको आयोजनाको दुई नम्बरमा राखेर पेट्रोलियम पदार्थमा समेत कर लगाएको र मुआब्जा वितरणको कामसमेत भइरहेको अवस्थामा काम शुरु नहुनु दुःखद् रहेको उनले बताए । उनले भने, "स्वार्थको तानातानमा परेका कारण आयोजना बन्दै नबन्ने हो कि भन्ने चिन्ता बढेको छ ।" ऊर्जा सुरक्षाका लागि समेत बहुउद्देश्यीय आयोजना जरुरी रहेको भए पनि केही व्यक्तिको स्वार्थमा आयोजना बन्दी भएको उनको भनाइ छ ।

# भीमफेदी–कुलेखानी सुरुङमार्गमा केन्द्र सरकारले साझेदारी गर्ने



**हेटौंडा/मस–**वाग्मती प्रदेशको गौरवको आयोजनाका रूपमा अगाडि सारिएको पोष्टबहादुर बोगटी भीमफेदी कुलेखानी सुरुङमार्ग निर्माणमा सङ्घीय सरकारले समेत साझेदारी गर्ने भएको छ ।

अर्थमन्त्री युवराज खतिवडाले प्रस्तुत गर्नुभएको बजेटमा प्रदेश राजधानी हेटौँडा र सङ्घीय राजधानी काठमाडौँलाई जोड्ने सुरुङमार्गमा सहलगानीमा कार्य सम्पन्न गर्ने उल्लेख छ । सुरुङमार्गमा सङ्घीय सरकारको समेत सहभागिता निश्चित भएपछि तोकिएकै समयमा काम सम्पन्न हुने वातावरण बनेको छ ।

वाग्मती प्रदेशका मुख्यमन्त्री डोरमणि पौडेलले आगामी चार वर्षभित्र सम्पन्न गर्ने लक्ष्य लिएको उक्तमार्गको निर्माण केवल बाटो छोटो गराउने उद्देश्यले मात्र नभई इन्धन, मोटरपार्टस् आदिमा खर्चहुने राज्यको ठूलो धनराशिको बचत, दुर्घटना न्यूनीकरण र उपत्यकाकेन्द्रित जनघनत्वको विस्तारलगायत दीर्घकालीन महत्वका आधारमा गर्न लागिएको बताए । प्रदेश राजधानी हेटौँडा र सङ्घीय राजधानी काठमाडौँलाई जोड्ने प्रदेशकै गौरव र रुपान्तरणकारी आयोजनाका रूपमा रहेको यो सुरुङमार्ग निर्माणको डिपिआरसमेत तयार भइसकेको उनले जानकारी दिए ।

मुख्यमन्त्री पौडेलले देशको आर्थिक विकासको मेरुदण्डको रूपमा रहेको यो सुरुङमार्गको निर्माणलाई विशेष प्राथमिकता दिएको बताउँदै नेपालको दीर्घकालीन विकासमा यो सुरुङमार्ग कोसेढुङ्गा सावित हुने विश्वास व्यक्त गरे । सुरुङमार्ग निर्माणपछि हेटौँडा–काठमाडौँ एक घण्टामा आउन सक्ने र यसले देशको समग्र अर्थतन्त्रको विकासमा उल्लेख्य भूमिका निर्वाह गर्ने बताउँदै उनले हेटौँडा-भीमफेदी, भीमफेदी-कुलेखानी सडक र सिस्नेरी काठमाडौँ सडकलाई फराकिलो बनाइने योजना प्रदेश सरकारको रहेको जानकारी दिए ।

भौतिक पूर्वाधार विकास मन्त्री रामेश्वर फुयाँलले सुरुङमार्गको विस्तृत अध्ययन प्रतिवेदन तयार भई यसको निर्माणका लागि बोलपत्र आह्वान गर्न लागिएको बताउँदै यो आयोजनालाई डिजाइन एण्ड बिउल्ट प्रक्रियाबाट आगामी चार वर्षभित्र निर्माण कार्य सम्पन्न गरिने लक्ष्य लिएको छ भने ।

भारतबाट हाल अमलेखगञ्जसम्म आएको पेट्रोलियम पाइपलाइन सुरुङमार्ग हुँदै काठमाडौँ पुऱ्याउने योजना पनि सुरुङमार्ग निर्माणसँगै जोडेर अगाडि बढाइने योजना रहेको जनाइएको छ । पाइपलाइनले पनि देशको ठूलो ढुवानी खर्च बचत गर्ने सरकारको अनुमान छ ।

मुख्यमन्त्रीका प्रमुख स्वकीय सचिव अनुप पौडेलले सुरुङमार्ग सञ्चालनमा आएपछि इन्धन र स्पेयर पार्टस्मा वार्षिक रु एक अर्बभन्दा बढी रकम बचत हुने बताए ।






# स्थानीय सरकारद्वारा फोहर सङ्कलन शुल्कमा छुट



**लमजुङ/मस–**लमजुङको बेँसीशहर नगरपालिकाले यसअघि लिँदै आएको फोहर सङ्कलन शुल्कमा छुट दिएको छ । कोरोना भाइरस सङ्क्रमण जोखिमसँगै जारी लकडाउनका बेला नगरवासीलाई आर्थिक भार पर्ने हुँदा विगत दुई महिनाको फोहरमैला सङ्कलन शुल्कमा छुट दिएको नगरपालिकाले जनाएको छ । वैशाख र जेठ महिनाको फोहर सङ्कलन शुल्क मिनाहा गर्ने निर्णय भएको नगर प्रमुख गुमानसिंह अर्यालले बताए ।

एक हजार ४०० भन्दा बढी उपभोक्ताबाट फोहरमैला सङ्कलन गरेवापत वार्षिक रु तीन लाख २५ हजार सङ्कलन हुँदै आएको नगरपालिकले जनाएको छ । फोहर व्यवस्थापनका लागि लाग्ने न्यूनतम खर्च र फोहर व्यवस्थापनका लागि जिम्मा लिएको संस्थाका कर्मचारीलाई तलबसमेत उपलब्ध गराउने नगरपालिकाले जनाएको छ । बेँसीशहरमा वातावरण सुधार तथा विकास अभियानले फोहर व्यवस्थापन गर्दै आएको थियो । फोहर सङ्कलनका लागि संस्थाले दुई ट्र्याक्टरसहित १२ जना कामदार तथा कर्मचारी खटाएको छ । बेँसीशहर बजारको फोहर हाल बेँसीशहर-८, मर्स्याङ्दी नदी किनारमा व्यवस्थापन हुँदै आएको छ ।

यसअघि नगरपालिकाले उद्योगी व्यवसायीलाई चैतदेखि आगामी असार मसान्तसम्म जम्मा चार महिनाको व्यावसायिक कर छुट दिने निर्णय गरेको थियो । लकडाउनका कारण व्यवसायी मर्कामा परेको भन्दै नगरपालिकाले चार महिनाको कर छुट दिएपछि व्यवसायीले केही राहत महसुस गर्दै आएका छन् ।

# सन्राइज बैंक लिमिटेडका कर्मचारीहरुको बीमा

**काठमाडौं/मस–** कोरोना भाईरस (कोभिड-१९) ले देशव्यापी माहामारीको रुप लिईरहेको अवस्थामा आफ्नो कर्मचारीहरुको सुरक्षालाई मध्यनजर गर्दै सन्राइज बैंक लिमिटेडले बैंकमा कार्यरत सम्पूर्ण स्थायी, करार, प्रशिक्षार्थी, सवारी चालक, कार्यलय सहयोगी, सुरक्षा गार्ड लगायत कर्मचारीहरुको कोभिड-१९ बीमा गराएको छ । कोभिड-१९ बीमा अन्तर्गत प्रत्येक कर्मचारीहरुको रु. १ लाख रुपैंया बराबरको सामुहिक लुम्बिनी जनरल इन्स्योरेन्स कम्पनी लि.मार्फत गरिएको छ । बीमा लेख सम्झौता अनुसार बैंकको कर्मचारीहरुमा कोभिड-१९ पोजिटिभ देखिई संक्रमण भएमा बीमा कम्पनीबाट बीमा दाबी गर्न सकिनेछ । यस बीमा सम्झौताले आफ्ना कर्मचारीहरुको मनोबल उच्च रहने र संकटको बेलामा कर्मचारीहरुलाई आर्थिक राहत मिल्ने बैंकको बिश्वास छ ।

बैंकले कोरोना भाईरस (कोभिड-१९) को संक्रमणबाट सुरक्षित रहन आफ्ना सम्पूर्ण कर्मचारीहरुलाई मास्क, पञ्जा, सेनिटाइजर जस्ता अति आवश्यक सुरक्षा सामाग्रीहरु समेत उपलब्ध गराउदै आएको छ ।

www.madhyanhadaily.com
मध्यान्ह दैनिकको
facebook Page
Madhyanha News

के तपाईको कम्प्युटर, प्रिन्टर, फोटोकपी आदी बिग्रीएकोछ ?
यदी छ भने हामीलाई सम्झनुहोस् ।
हाम्रासेवा तथा सुबिधाहरू
- कम्प्युटर / प्रिन्टर / फोटोकपी आदी खरीद, बिक्रि तथा मर्मत,
- टोनर कार्टेज रिफिल,
- CCTV, EPABX बिक्रि तथा मर्मत,
- अफिसका लागि चाहिने फर्निचरसहित सम्पूर्ण सामानहरु,
- कम्प्युटर / प्रिन्टर / फोटोकपी आदीको बार्षिक सर्भिस ।
डि. आर. ट्रेडिङ्ग कन्सर्न
मो.: ९८४१५६५७९४, ९८०८४७५००२, ९८१३२५४२७५

दिवा सेवा तथा रात्री सेवा
माउण्ट मकालु यातायातको काउन्टर
नयाँ बसपार्कमा पनि खुलेको
यात्रुहरूलाई जानकारी गराईन्छ ।
सम्पर्क : कलंकी : फोन : ४२८१९७२
प्रेम रतन डिलक्स काठमाडौं-गौर, सम्पर्क : ९८५१०६३०४२ (प्रेम)
ग्यालक्सि डिलक्स : लालवन्दी-मलंगवा
९८१३६६६७०० रामहरी

अब जनता बोल्छन्, जनतापाटी सँगै...
जनतापाटी
www.janatapati.com
Janatapatinews YouTube Janatapati Janatapati

प्रकाशकः **सीतादेवी श्रेष्ठ**, कार्यालयः बागबजार, काठमाडौं, फोनः ४२२६३६६, ४२२८२९८ ई-मेलः madhyanhadaily59@yahoo.com, madhyanhadaily59@gmail.com, मुद्रकः एक्सप्रेस कलर प्रेस, सम्पादकः **मदनकुमार श्रेष्ठ**